# राष्ट्रिय सूचना आयोगको प्रेस विज्ञप्ती

राष्ट्रिय सूचना आयोगबाट तर्जुमा गरिएको सूचनाको हक कार्यान्वियन सम्बन्धी पञ्चवर्षीय रणनीतिक कार्य योजना २०१३-२०१८ अन्तर्गतको प्रथम वर्ष (जनवरी-डिसेम्बर २०१३) को कार्ययोजना कार्यान्वयनको निमित्त DFID/ESP नेपालको सहयोग प्राप्त भएकोमा सो एक वर्षे कार्ययोजना कार्यान्वयन भई तोकिएका लक्ष्यहरु पुरा भैसकेका छन् ।

सोही पञ्चवर्षीय कार्ययोजनामा तोकिएका सूचनाको हक सम्वर्द्धन, संरक्षण र प्रचलनको लागि विभिन्न कार्यक्रम संचालन गरी उक्त कार्ययोजनाको कार्यान्वयनलाई निरन्तरता दिने क्रममा आगामी आ.व. २०७१/७२ (July 17th 2014 – July 16th 2015) को निमित्त DANIDA/SDC/DFID लगायतको संलग्नतामा प्रारम्भ भएको GF (Governance Facility) Nepal परियोजनाले अनुदान सहयोग प्रस्ताव गरे अनुसार अर्थ मन्त्रालयको सहमतिमा रु. ३,२४,९१,५७५।- .को अनुदान सहयोग स्वीकार गर्ने सम्बन्धमा आज मिति २०७१।३।३१ गते आयोग र Governance Facility बीच सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भयो । उक्त सहयोग सम्झौता पत्रमा राष्ट्रिय सूचना आयोगको तर्फबाट सह सचिव श्री शान्तिराम शर्माले र GF Nepal को तर्फबाट Head of Programme Mr. Niels Hjortdal ले हस्ताक्षर गर्नुभएको थियो ।

यस परियोजनाको उद्देश्य अनुसार सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वियन गर्न आयोगलाई अझ सबलीकरण गर्दै सार्वजनिक निकायहरुलाई आफूसंग भएका सूचनाहरुलाई व्यवस्थित गर्ने एवं स्वस्फूर्त ढंगबाट सार्वजनिक गर्ने तथा ती निकायहरुमा नागरिकबाट हुने सूचनाको मागलाई सकारात्मक ढंगबाट सम्बोधन गर्ने परिपाटी बसाल्न छानिएका केही मन्त्रालयहरु र ती अन्तर्गतका स्थानीय निकायहरुको दक्षतालाई सुदृढ गर्दै सूचना प्रवाह र पहुँचलाई सरल र सहज लैजाने कार्यक्रम रहेको छ ।

साथै, परियोजनाको उद्देश्यमा आयोगलाई सूचनाको हकको सम्वर्द्धन र संरक्षणको क्षेत्रमा अझ क्रियाशील भइ कार्य गर्न यसको क्षमतालाई सुदृढ गर्ने र सूचनाको हकलाई प्रर्वद्धन गर्ने गैरसरकारी क्षेत्रका संस्थाहरुलाई सबल बनाँउदै उनीहरुले गर्ने प्रवर्द्धनात्मक कार्य एवं यस विषयमा ती संस्थाले सार्वजनिक निकायहरुसंग गर्ने अन्तरक्रियात्मक कार्यलाई सहजीकरण गर्ने समेत रहेको छ ।

सूचनाको हकको प्रयोग र प्रभावकारी कार्यान्वयनबाट खुला, पारदर्शी, उत्तरदायी तथा जवाफदेहीतामा अभिबृद्धि भै सुशासन कायम गराउन सहयोग पुग्न जाने आयोगले विश्वास लिएको छ ।

आयोगले तर्जुमा गरेको सूचनाको हक सम्बन्धी पञ्चवर्षीय रणनीतिक कार्य योजनाको कार्यान्वयनमा सहयोग पुऱ्याई नागरिकको सूचनाको हकलाई अझ प्रभावकारी ढंगबाट स्थापित गर्ने उद्देश्यले आयोगको कार्यक्षेत्रलाई अझ व्यापक र प्रभावकारी बनाउने कार्यमा सहयोग प्रदान गरेकोमा GF Nepal प्रति राष्ट्रिय सूचना आयोग धन्यबाद ज्ञापन गर्दछ । साथै, उक्त कार्ययोजनाको सफल कार्यान्वयनमा सदाझैं सम्बद्ध सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा समेत आयोगले गरेको छ ।

नेपाल सरकार,

राष्ट्रिय सूचना आयोग

कोटेश्वर, काठमाडौं ।

मिति : २०७१।३।३१

15th July 2014